"कृषि विकास र भौतिक पूर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर"

# रतुवामाई नगरपालिका
RATUWAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिजुवा, मोरङ, Sijuwa, Morang,
कोशी प्रदेश, नेपाल Koshi Province, Nepal

प.सं.: २०८२/०८३
Letter No.:
च.नं :
Dispatch No.:

**विषयः- स्थानीय बिदा सम्बन्धी संशोधित सूचना सम्बन्धमा ।**

मितिः२०८२/१२/०६

उपरोक्त सम्बन्धमा इस्लाम धर्मावलम्बीहरूको महान पर्व "ईद उल फित्र" को पावन अवसरमा मिति २०८२/१२/०८ गतेका दिन सार्वजनिक बिदा दिने सम्बन्धमा यस अघि प्रकाशित सूचनामा केही व्यहोरा छुट हुन गएकोले यो संशोधित सूचना प्रकाशित गरिएको छ।

उक्त दिन यस रतुवामाई नगरपालिका अन्तर्गतका नगर कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, शैक्षिक संस्थाहरू लगायत सम्पूर्ण सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूमा स्थानीय बिदा रहने भए तापनि नगरपालिकाबाट तय भएका पूर्वनिर्धारित कार्यक्रमहरु र अत्यावश्यक सेवाहरू भने यथावत रुपमा सञ्चालन रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

यस पावन अवसरमा सम्पूर्ण नगरवासी तथा इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

<u>स्थानीय बिदा भए पनि यथावत रुपमा सञ्चालन हुने कार्यक्रमहरुः</u>

(क) आधारभूत (कक्षा-८) तह उत्तीर्ण परीक्षा-२०८२

(ख) आधारभूत स्वास्थ्य सेवा केन्द्र, कल्याणपुरमा सञ्चालन हुने प्रजनन् रुग्णता स्वास्थ्य शिविर कार्यक्रम, रतुवामाई-१, कल्याणपुर

नागेश्वर प्रसाद सिंह गन्गाई
नगर प्रमुख

कार्यालय सम्पर्कः फोनः ०२१-४१४०५७, इमेलः ratuwamaimunicipalityinfo@gmail.com
वेबसाइटः www.ratuwamaimun.gov.np फेसबुकः www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal